दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २४७ | बुटवल | २०८२ भदौं १७ गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday September 02, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## ‘विधान महाधिवेशनमा पूर्व राष्ट्रपतिको सदस्यताको विषय उठ्छ’

बुटवल । नेकपा एमालेका उपाध्यक्ष सुरेन्द्र पाण्डेले आगामी विधान महाधिवेशनमा पूर्वराष्ट्रपति विद्या भण्डारीको सदस्यता रोक्ने विषय उठ्ने बताएका छन् ।

सोमबार काठमाडौँमा भएको अन्तरसंवादमा बोल्दै उनले संविधानले नरोक्ने कुरालाई कुनै दलको विधानले रोक्न नसक्ने तर्क गरे ।

‘नेपालको संविधानले कोही व्यक्तिलाई राजनीति गर्न निषेध गरेको छैन, राष्ट्रपतिलाई पनि राजनीति नगर्नु भएको छैन,’ पाण्डेले भने- ‘संविधानले रोक्दै नरोकेको पार्टीमा लाग्दै नलाग्ने भन्ने कुरा, कुनै पार्टीले बनाएको विधानले रोक्न मिल्छ र ?’

उनले एमालेको सदस्यता नवीकरण गर्नबाट न आत्तिन समेत आग्रह गरे । ‘त्यहाँ सदस्य हुने बित्तिकै कोही अध्यक्ष भैहाल्छ भन्ने हो र ? तर सदस्यबाट कसैलाई वञ्चित गर्न पाइदैन, विधान महाधिवेशनमा यो कुरा उठ्छ,’ पाण्डेले थपे-‘यो पार्टी विभाज गर्न खोजेको होइन, हामीले बनाको पार्टी हामी विभाज गर्छौं ? यो लडाइँ तितो, असहज हुन सक्छ, तर यो लडाइँ जित्छौं ।’

यद्यपि, पाण्डेले भण्डारीको सदस्यता पार्टीले छिट्टै नवीकरण गर्न बाध्य हुने दाबी समेत गरे । ‘विद्या भण्डारीको प्रवेश रोक्दैन, त्यहाँसम्म पुग्छ जस्तो लाग्दैन,’ उनले भने-‘हामी त्यहाँसम्म पुग्छौं जहाँसम्म अहिलेको निर्णयबाट पार्टी फर्कदैन ।’

पाण्डेले महाधिवेशन प्रतिनिधिको अधिकार प्रयोग हुने समेत उल्लेख गरे । एमालेको दोस्रो विधान महाधिवेशन भदौ २० गतेदेखि २२ गतेसम्म ललितपुरको गोदावरीमा हुँदैछ ।

## घनश्यामसहित सातजनाको नाम सिफारिश

बुटवल । रुपन्देही ३ मा कात्तिक १७ गते हुन लागेको उप-निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले उम्मेदवारका लागि सात जनाको नाम सिफारिस गरेको छ ।

पार्टीको जिल्ला कमिटी रुपन्देहीको भैरहवामा बसेको बैठकले महासचिव तथा पूर्व कृषिमन्त्री घनश्याम भूसालसहित सात जनाको नाम सिफारिस गरेको छ । भूसाल यही क्षेत्रमा २०७४ सालमा नेकपा (एमाले) बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए ।

यस्तै लुम्बिनी प्रदेश उपाध्यक्ष कमल भण्डारी, रुपन्देही जिल्ला अध्यक्ष हीराध्वज शाह, प्रदेश कमिटी सदस्य आनन्दप्रसाद गुप्ता, आशा चौधरी, थानेश्वर खरेल र रुपन्देही-१ को सह-इञ्चार्ज विजयलक्ष्मी रायको नाम सिफारिस गरिएको पार्टीले जनाएको छ ।

जिल्लाले पठाएको नामलाई उम्मेदवार छनोट गर्न बनेको कार्यदलले एक महिलासहित तीनजनाको नाम केन्द्रीय समितिमा सिफारिस गर्नेछ ।

पार्टीको केन्द्रीय उपमहासचिव तथा लुम्बिनी प्रदेश इञ्चार्ज मेटमणि चौधरी, केन्द्रीय सचिव तथा प्रदेश सह-इञ्चार्ज सोमप्रसाद पाण्डे, प्रदेश अध्यक्ष अब्दुल हुसेन खाँ, रुपन्देही जिल्ला इञ्चार्ज नन्दलाल बञ्जाडे र रुपन्देही अध्यक्ष हीराध्वज शाह सदस्य रहेको कार्यदलले तीन जनाको नाम पठाउनेछ ।

कार्यदलले सातैजनासँग छलफल गर्ने र चुनावी रणनीति बुझेपछि मात्रै तीन जनाको नाम सिफारिस गर्ने उप-महासचिव चौधरीले जानकारी दिए ।

# जलवायु परिवर्तनले निम्तिदै छ संकट

**जलवायु परिवर्तनले सबैभन्दा धेरै संकट कृषि क्षेत्रमा देखिन थालेको छ । खडेरी र बेमौसमी वर्षाले कृषि उत्पादनलाई असर गरेको छ । इसिमोडले अध्ययनले नेपालको ५० प्रतिशत जनसंख्या खाद्य संकटमा रहेको देखिएको छ ।**

**शेरबहादुर केसी**
*बुटवल*

कपिलवस्तु नगरपालिका–११ नरैनापुरका श्रीचन्द्र कुर्मीले असारको पहिलो साता १२ बिघा खेतमा रोपाइँ गरे । वर्षा नभए पनि बिउ छिप्पिन थालेपछि बोरिङ चलाएर जेनतेन रोपाइँ गरेका कुर्मी यो वर्षको धान खेतीबाट निराश छन् । भन्छन्-‘लामो खडेरीले धानको गाँज राम्रो छैन, खेतमा धानभन्दा झार बढी छ, पानी नपरेपछि बोरिङ चलाएर जोगाएको धानले राम्रो उत्पादन देला भन्ने आशा हराएको छ ।’

रूपन्देहीको सम्मरीमाई–६ आवादपुरका गुड्डु केवट पनि यो वर्षको खडेरीले धान राम्रो नभएको बताउँछन् । ‘जेनतेन रोपाइँ भयो, गाँज हाल्ने बेलामा पनि चर्को खडेरी छ । रोपाइँ गरेको साढे दुई महिनामा दुईपल्ट राम्ररी झरी भयो ।’-उनले भने ।

कपिलवस्तुका कुर्मी र रूपन्देहीका केवट झैं यसपाली धानखेती गरेका किसान निराश छन् । त्यसो त सरकारले ८ साउनमा मधेश प्रदेशका ८ जिल्लालाई विपद् संकटग्रस्त जिल्ला घोषणा गरेको छ । यो वर्ष चरम खडेरी मधेश प्रदेशमा देखिएको छ । अरु प्रदेशमा पनि अपेक्षित वर्षा नभएपछि धान खेतीलाई असर भएको कृषि विज्ञहरु बताउँछन् ।

जल तथा मौसम विज्ञान विभागले १६ जेठमा विज्ञप्ति निकाल्दै भन्यो-‘जेठ १८ देखि असोज १४ गतेसम्मको चार महिनाको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना छ ।’ विज्ञप्तिका अनुसार, कर्णाली प्रदेशको पूर्वी भू-भाग, लुम्बिनी प्रदेशको उत्तरी भू-भाग र गण्डकी प्रदेशको अधिकांश भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत र सुदुरपश्चिम प्रदेशको दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशको पश्चिमी भू-भाग, गण्डकी प्रदेशको उत्तर-पूर्वी भू-भाग, बागमती र कोशी प्रदेशको उत्तरी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको उल्लेख थियो ।

जल तथा मौसम विज्ञान विभागको प्रक्षेपणले वर्षा राम्रै हुने आशा गरेका किसान अहिलेको चर्को खडेरीले झस्किएका छन् । मनसुनको तीन महिना सकिएकाले अब बाँकी समय एक महिना हो । यो एक महिनामा भारी वर्षा भयो भने त्यसले निम्त्याउने बाढी, डुबान र पहिरोको जोखिम हो । जल तथा मौसम विज्ञान विभागले प्रक्षेपण गरेअनुसार वर्षा हुनका लागि अब छोटो समयमा भारी वर्षा हुनुपर्छ वा मनसुनको समय पछि सर्नुपर्छ । जल तथा मौसम विज्ञान विभाग, कृषि हावापानी शाखा प्रमुख विद्या महर्जन मनसुनको अवधि लम्बिन सक्ने बताउँछिन् । ‘सामान्यतः मनसुनको अवधि अक्टोबर २ सम्म हो, अहिलेसम्म लम्बिएको छ, यो वर्ष पनि लम्बिन सक्छ ।’-उनले भनिन् । उनले भनेझैं मनसुनको अवधि लम्बिने र त्यसैबेला भारी वर्षा भयो भने जेनतेन फलेको धान स्याहार्ने बेला पर्ने बेमौसमी पानीले नोक्सान गर्नसक्छ ।

लुम्बिनी प्रदेश कृषि निर्देशनालयका अनुसार, ०७८ कार्तिक पहिलो साता परेको पानीले काटिसकेको धानमा क्षति भयो । काटेर खेतमा राखेको धान डुब्दा लुम्बिनी प्रदेशमा ५ अर्ब बराबरको धान नष्ट भएको थियो । सन् १९८१ देखि २०१० सम्म वर्षाको मापन गर्ने केन्द्रहरुबाट संकलित तथ्याङ्कले नेपालमा सुख्खा अवधि लम्बिइरहेको तथा मनसुनी ढाँचा बदलिएर ‘आरी घोप्टिए जस्तो’ वर्षा भएको देखाएको छ । विगतका यी तथ्याङ्क विश्लेषण गर्दा जलवायुमा चरम खालका स्वभाव देखिंदैछन् ।


रामग्राम नगरपालिका–६ पोखरापालीमा पानी नपर्दा धान खेतमा परेको धाँजा । लामो खडेरीले यो वर्ष धानखेतीलाई असर गरेको छ।
तस्विरः गौरीशंकर जयसवाल

असारको मध्यबाट सुरु भएको खडेरी साउन भरी रह्यो । भदौ लागेपछि पानी पऱ्यो तर लामो झरी परेको छैन । कृषि ज्ञान केन्द्र रूपन्देहीका प्रमुख भाष्कर पौडेलका भनाइमा, यो पल्ट मनसुन छिटो आयो, पश्चिम फैलिएन् । धान रोप्ने बेलामा पानी आएन् । रोपेपछि पानी नआउँदा रोपेको बिउ बचाउनै किसानलाई सकस भयो । धान गँजाउने बेलामा परेको खडेरीले धानको राम्रो गाँज छैन ।

कृषि तथा पशुपंक्षी मन्त्रालयका प्रवक्ता डा. जानुका पण्डित खडेरीले बेलैमा रोपाइँ नभएको र रोपाइँपछि राम्ररी पानी नपरेकोले यो वर्ष धान उत्पादन घट्न सक्ने बताइन् । ‘धान उत्पादन राम्रो हुने मधेस प्रदेशमा खडेरी पऱ्यो, अन्यत्र पनि पानी नपर्दा धान खेतीलाई असर गरिरहेको जानकारी छ ।’-उनले भनिन् ।

**हिउँदमा पनि लामो खडेरी**

जल तथा मौसम विज्ञान कि वरिष्ठ मौसमविद् विभूति पोखरेल हिउँदमा पनि वर्षा कम पर्न थालेको बताउँछिन् । उनका अनुसार, वर्षभरी हुने कुल वर्षाको सरदर ४ प्रतिशत हिउँदमा पर्नुपर्छ । त्यसका लागि ६० दशमलव ४ मिलीमिटर वर्षा हुनुपर्छ ।

जल तथा मौसम विज्ञान विभागले ११८ वटा स्टेशनको तथ्याङ्क लिँदा विसं. २०७७ मा २३.३ प्रतिशत, २०७८ मा १७०.४ प्रतिशत, २०७९ मा २२.४ प्रतिशत, २०८० मा २३.९ प्रतिशत र २०८१ मा २१.२ प्रतिशत कम पानी परेको छ । यो हेर्दा पाँच वर्षयता निरन्तर हिउँदमा खडेरी परेको छ । ‘हिउँदमा खडेरी पर्दा गहुँ, मसुरो र तरकारी खेतीलाई असर पुग्छ । पानीका स्रोत पनि सुक्दै जान्छन् ।’-पाखरेलले भनिन् ।

राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण-२०२२ ले जलवायु परिवर्तनको असरबाट खडेरी चुलिदै गएको र यसले कृषि उत्पादनमा ह्रास ल्याएको देखाएको छ । सर्वेक्षणमा सहभागी ६५ प्रतिशतले खेती गर्दै आएको खेतबारीमा २५ वर्षदेखि खडेरीको असर भोगिरहेको बताएको सर्वेक्षण प्रतिवेदनमा उल्लेख छ ।

**जलवायु परिवर्तनको असर**

राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रका प्रमुख रामेश्वर रिमालका अनुसार, पहिले–पहिले मौसमी चक्र स्वभाविकै ढंगले अघि बढ्थ्यो । अहिले मौसमी चक्र अस्वभाविक देखिंदा किसानले समस्या भोग्न थालेका छन् । अतिवृष्टि, अनावृष्टि र खण्डवृष्टि जस्ता अस्वाभाविक मौसमी क्रियाकलाप बढेर कृषिमा संकट आएको उनको भनाइ छ ।

» बाँकी २ पेजमा

### लुम्बिनी र गण्डकीको साझा विकास मोडेल :

# समेटिएन बहुचर्चित कालीगण्डकी डाइभर्सन




**लुम्बिनी संवाददाता**
*स्याङ्जा*

लुम्बिनी र गण्डकी प्रदेशको समग्र विकासका लागि साझा विषय पहिचान एवं कार्यान्वयनमा गर्ने विषयमा भएको महत्वपूर्ण बैठक र निर्णयमा ‘कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजना समेटिन सकेन ।

गण्डकी प्रदेश सरकारको आयोजनामा सोमबार स्याङ्जाको गल्याङ नगरपालिका-१ मा बसेको दुई प्रदेशका मुख्यमन्त्रीसहितको दोस्रो संयुक्त बैठकले ९ बुँदे प्रतिबद्धता सार्वजनिक गर्दा सबैभन्दा बढी चासो र चर्चामा रहेको ‘कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजना’बारे बैठकमा छलफलसमेत हुन नसकेको हो । पत्रकारहरूले कालीगण्डकी डाइभर्सनको विषय नसमेटिएकोबारे प्रश्न गर्दा आयोजनाबारे दुवै प्रदेशका मुख्यमन्त्रीको भनाइ परस्पर विरोधी देखियो ।

लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यले कालीगण्डकी डाइभर्सन आवश्यक पर्ने, तर तल्लो तटीय क्षेत्रमा असर नगरी डाइभर्सन हुने बताए । आचार्यले कालिगण्डकी नदीको पानी साझा हुने जनाए ।

‘पानी भनेको साझा हो र त्यसलाई अर्को प्रदेशले पनि उपयोग गर्न सक्छ, उनले भने-‘तर गण्डकी नदी आसपासका तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकलाई आघात नपुग्ने गरी डाइभर्सन अघि बढाउनुपर्छ ’

तर, गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश सरकारको समन्वय र सहमतिविना उक्त आयोजना अगाडि बढाउन नसकिने बताए । मुख्यमन्त्री पाण्डेले तल्लो तटीय क्षेत्रका नागरिकलाई असर पर्ने गरी, जैविक विविधता बिगारेर कालीगण्डकी डाइभर्सन अगाडि बढ्न नसक्ने अडान राखे ।

मुख्यमन्त्री पाण्डेले संघ सरकारले प्रदेश सरकारसँग सल्लाह नै नगरी यो आयोजना अगाडि बढाएको बताए । यो विषयबारे राष्ट्रिय समस्या समाधान समिति बैठकमा पनि आफूले कुरा राखेको उनले बताए ।

‘यो नदी ५००-६०० किलोमिटर लामो होला । त्योमध्ये १०० किलोमिटर मात्र लुम्बिनी र गण्डकीको साझा हो । अरू सबै गण्डकी प्रदेशभित्र पर्छ । त्यसैले यो नदीको बारेमा कुनै पनि योजना बनाउँदा गण्डकी प्रदेश सरकारको सहमतिविना बन्न सक्दैन ।’-मुख्यमन्त्री पाण्डेले भने ।

दुई/तीनवटा कुरालाई सम्बोधन नगरी यो आयोजना अगाडि बढ्न नसक्ने भन्दै उनले यदि बढाउने हो भने यसको जलप्रवाहको स्थिति के हो ? दुई प्रदेशबिचको लाभ वितरणको स्थिति के हो ? तल्लो तटीय क्षेत्रका जनता तथा जीवजन्तु जे-जे छन्, तिनलाई पर्ने असर के हो ? सबैभन्दा ठूलो कुरा कालीगण्डकी नदीको धार्मिक आस्थामाथि आँच नआउने प्रबन्ध कसरी हुन्छ ?’

यी कुराहरूको सम्बोधन नगरी अथवा ठोस उत्तर नआई आयोजना अगाडि बढाउन गण्डकी प्रदेश सरकारले सहकार्य नगर्ने उनको भनाइ छ । बैठकको निर्णयपछि कालीगण्डकी प्रभावित क्षेत्रका पालिका र नागरिकका तर्फबाट पूर्वसांसद शंकर पाण्डेले दुवै मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै कालीगण्डकी डाइभर्सन आयोजना अगाडि नबढाउन माग गरे ।

१२ असार २०७८ मा अर्थमन्त्री विष्णु पौडेलले आयोजनाको कार्यालय बुटवलमा स्थापना गरेपछि गण्डकी प्रदेश र लुम्बिनी प्रदेशबिच पक्ष/विपक्षमा बहस पेचिलो बनेको छ । आयोजना कार्यान्वयनको चरणमा प्रवेश गरेसँगै यसले देशको राजनीति तरंगित बनाएको छ ।

कालीगण्डकी-तिनाउ डाइभर्सनबारे अर्थमन्त्री पौडेलको अगुवाइमा २०७१ सालदेखि नीति तथा कार्यक्रममै समावेश भएपछि गण्डकी प्रदेशले विरोध गर्दै आइरहेको हो । तर सर्वोच्च अदालतले डाइभर्सनविरुद्धको रिटमा डाइभर्सन गर्न मिल्ने पक्षमा फैसला गरेको थियो ।




## सम्पादकीय

# स्थानीय तहमा प्रशासनिक नेतृत्व

लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत नहुँदा निमित्तको भरमा चल्दै आएका स्थानीय तहमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतको सरुवा गरेको छ। दुई सयभन्दा बढी स्थानीय तहले प्रमुख प्रशासकीय अधिकृत पाएका छन् । स्थानीय तहमा एकैपल्ट कर्मचारीको नेतृत्वको व्यवस्थापन गरेर संघीय सरकारले स्थानीय तहलाई सही दिशामा अघि बढ्नका लागि बाटो खोलीदिएको छ।

संघीय सामान्य प्रशासन मन्त्रालयले एकैपल्ट १२२ जना उप-सचिव र ९७ शाखा अधिकृतको एकैपटक सरुवा गरेको छ। तीमध्ये अधिकांशलाई पालिकाहरुको प्रमुख प्रशासकीय अधिकृत बनाएर पठाइएको छ । यसअघि १०५ नगरपालिका र ८६ गाउँपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृतको भरमा सञ्चालन भइरहेका थिए । यससँगै गाउँपालिका र नगरपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृत शून्य भएको छ । निमित्तको भरमा काम गर्दा धेरै समस्या झेलेका स्थानीय तहले अब ती समस्याबाट मुक्त पाउने आशा पलाएको छ। निमित्तले निर्णयको जोखिम नलिदा कतिपय विकास निर्माणका काम प्रभावित भएको स्वंय स्थानीय तहका जनप्रतिनिधिले गुनासो गर्दै आएका थिए । राजनैतिक नेतृत्वले दबाबमा काम गर्न लगाउने प्रवृत्ति मौलाउँदा सुशासन कमजोर बनेको र बेथिति मौलाएको थियो । अब विधिमा हिंडेर थिति बसाल्न प्रमुख कार्यकारी अधिकृतले भूमिका खेल्न सक्छन् ।

देशभरीका ७५३ मध्ये २०० पालिका लामो समयदेखि निमित्तका भरमा चलेका थिए । देशभरीका गाउँपालिका र नगरपालिकालाई निमित्तविहीन बनाउन सामान्य प्रशासन मन्त्री भगवती न्यौपानेले लिएको निर्णय महत्वपूर्ण छ। सेटिङ मिलाएर सिंहदरबारकै सेरोफेरोमा बस्ने कर्मचारीको प्रवृत्तिलाई मन्त्री न्यौपानेले तोडेकी छन् ।

अब पालिकाले प्रमुख कार्यकारी अधिकृतलाई टिक्ने वातावरण बनाउनुपर्छ । कर्मचारी प्रशासन विधिमा चल्न र चलाउन वातावरण बनाउने राजनैतिक नेतृत्वको काम हो । कर्मचारी प्रशासन विधि र थितिमा चल्दा विकासको प्रतिफल निस्कन्छ नै, सुशासन पनि कायम हुन्छ । निमित्तलाई झैं दबाबमा चलाउने प्रवृत्ति कायम राख्ने हो भने कर्मचारी स्थानीय तहमा टिक्नै नसक्ने वातावरण बन्ने छ । राजनैतिक नेतृत्वकै कारण कर्मचारी टिक्न नसकेको भन्ने भाष्यलाई चिर्नका लागि पनि कर्मचारीलाई दबाब र प्रभावमा होइन्, विधिमा चल्न प्रोत्साहित गर्नु राजनैतिक नेतृत्वको काम हो ।

अब सह-सचिव प्रमुख प्रशासकीय अधिकृत हुनेमध्ये ९ वटा उप-महानगरपालिका र एउटा महानगरपालिकामा समेत छिट्टै दरबन्दीअनुसारको कर्मचारी खटाउन मन्त्रालयले पहलकदमी लिनुपर्छ । अहिले उप-महानगरपालिकामा उप-सचिवले काम चलाउँदै आएका छन् । स्थानीय तहमा प्रशासनिक नेतृत्वको अभाव पूर्ति हुँदा उनीहरुले नतिजा दिनसक्छन् । संघीय शासन प्रणालीलाई व्यवहारिक रुपमा स्थापित गर्नका लागि राजनैतिक नेतृत्व र प्रशासनिक नेतृत्वको संयोजनमा मात्रै सम्भव छ।

# नेप्से परिसूचक बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार दोहोरो अङ्कको सुधार देखिएको छ । परिसूचक १२ दशमलव ०३ अङ्कले बढेर दुई हजार ७६१ दशमलव ८६ को विन्दुमा कायम भएको हो ।

विभिन्न ३२६ कम्पनीका एक करोड १४ लाख ४० हजार ८४४ कित्ता शेयर ६८ हजार ७७५ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब १० करोड ५७ लाख ४६ हजार ६५७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा व्यापार समूह शून्य दशमलव ८५ र अन्य समूह शून्य दशमलव ०३ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै बैङ्किङ समूह एक दशमलव ५०, विकास बैङ्क शून्य दशमलव ५२, वित्त शून्य दशमलव १४, होटल तथा पर्यटन शून्य दशमलव ४३, जलविद्युत् शून्य दशमलव ०८ र लगानी समूह शून्य दशमलव १८ प्रतिशतले बढेको छ । त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३६, लघुवित्त शून्य दशमलव २७, म्युचुअल फन्ड शून्य दशमलव १६ र निर्जीवन बिमा समूह शून्य दशमलव ३० प्रतिशतले बढेको छ।

हिम स्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै छ दशमलव ०७ प्रतिशतले घटेको छ । त्यस्तै, सबैभन्दा धेरै उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ६८ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेडको रु २८ करोड आठ लाख २३ हजार १८४ बराबरको कारोबार भएको छ। त्यस्तै, कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै कुमारी बैङ्क लिमिटेडको नौ लाख एक हजार ५४७ कित्ता शेयर खरिदबिक्री भएको छ।

# जलवायु परिवर्तनले निम्तिदै छ संकट

रिमालले भनेझैं मायादेवी-१ सेमरौटी, कपिलवस्तुका विजय शुक्लाले प्रकृतिले केही वर्षयता अस्वभाविक गतिविधि देखाउन थालेको अनुभव सुनाउँछन् । 'मेरो गाउँ सेमरौटी नजिकैको वररिया गाउँ छ। यता पानी पर्दा वररिया चोकमा पानी पर्दैन। वररिया चोकतिर खेत भिज्ने पानी पर्दा यता कत्ति पर्दैन, पहिले यस्तो हुँदैनथ्यो, कहिले काही लाग्छ, हामीलाई प्रकृतिले किन अन्याय गरिरहेको छ ?'-उनले भने।

जल तथा मौसम विज्ञान विभागका अनुसार, नेपालको तापक्रम वर्षेनी ० दशमलव ०६ डिग्री सेल्सियसका दरले बढिरहेको छ। सन् २०३० सम्म यो दर बढेर १ दशमलव ७ डिग्री सेल्सियस पुग्ने आँकलन गरिएको छ। बढ्दो तापक्रमले खेतीपातीको तालिका नै बदलिंदा किसान मात्रै नभई नीति निर्माता र अनुसन्धानकर्मी नै अलमलमा छन्।

मान्डवी–५ रङदीका तिलक जिसीको भनाइमा, कृषिमा, खेतीपातीको क्यालेण्डर नै परिवर्तन भएको छ। मौसम अनुकुल भएका बेला किसानले बैशाखमा मकै छर्ने गर्दछन्। तर पछिल्ला वर्ष बैशाखमा मकै छर्न पाइन्छ भन्ने कुरामा किसान ढुक्क छैनन्। हिउँदमा पर्ने लामो खडेरी बैशाख र जेठ सम्म लम्बिनसक्छ। यो वर्ष जेठको अन्तिमतिर किसानले बारीमा मकै छरे।

'ढिला मकै छर्दा मकैभित्र हुने बोडी र सेमी हुन छाडेको छ। रैथाने बालीलाई संकट पर्न थालेको छ।'-उनले भने।

कृषि मन्त्रालयका अनुसार, नेपालको धान उत्पादन ८० प्रतिशत तराईमा हुन्छ । बढ्दो तापक्रमका कारण अन्यत्रभन्दा बढी तापक्रम भएको तराईमा तापक्रम बढ्दा धान उत्पादनमा असर पर्न सक्ने राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रका प्रमुख रिमाल बताउँछन् । अन्तर्राष्ट्रिय धान अनुसन्धान संस्थानका अनुसार, दक्षिण एशिया क्षेत्रमा एक डिग्री सेल्सियस तापक्रम बढ्दा धानको उत्पादन २० प्रतिशतसम्मले कमी हुनसक्छ । धानको फूल फुल्ने अवस्थामा तापक्रम एक घण्टा भन्दा बढी ३५ डिग्री सेल्सियस भन्दा माथि रहेमा धानमा दाना लाग्दैन।

मनसुनमा नियमित वर्षा हुने र हिउँदमा हिउँदे वर्षा हुँदा पहिले वर्षमा किसान तीन सिजन खेती गर्थे । मनसुनयाममा अनियमित वर्षा र हिउँद सुख्खा हुँदा अहिले एक, दुई सिजन मात्रै खेती गर्न थालेका छन् । एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय, प्यूठानका प्रमुख विनोद शर्मा दशकमै जलवायु परिवर्तनका गम्भीर असर देखिन थालेको बताउँछन्।

**रोग किराको जोखिम**

कृषि विज्ञहरुका अनुसार, असन्तुलित मौसमी अवस्था रोग र किराका लागि अनुकुल भइरहेको छ । खेतीका लागि हानीकारक किराहरु अति चिसो र तातो मौसममा मात्रै प्रजनन् क्रिया गर्न र हुर्कन सक्छन्। सामान्य मौसममा मर्छन्। तापक्रमको वृद्धिले किराको प्रजनन् चक्रको संख्यामा वृद्धि ल्याई वर्षमा दुईपल्ट प्रजनन् चक्र हुनेमा वर्षमा तीन पल्टसम्म हुनसक्छ।

धानवालीमा गवारो, पात झर्ने, पात पहेलिने र धानको गाँज नै मर्ने जस्ता रोगहरु बढेको मायादेवी–१ सेमरौटीका शुक्ला बताउँछन्। रोग नियन्त्रणका लागि मनपरी विषादी प्रयोग बढेको छ।

राष्ट्रिय गहुँ वाली अनुसन्धान कार्यक्रम भैरहवाका प्रमुख डा. रोशन बस्नेतका अनुसार, रोगकिरा धानमा मात्रै नभई गहुँलगायत अन्य बालीमा पनि बढ्न थालेको बताउँछन् । तापक्रम बढेसँगै तराईमा देखिएका रोग पहाडमा र पहाडका रोग हिमाली क्षेत्रमा पुगेको उनले सुनाए। एक दशकअघिसम्म तराईको गहुँ बालीमा देखिने डढुवा रोग गत वर्ष मुस्ताङको मार्फामा देखिएपछि आश्चर्यमा परेको डा. बस्नेतले सुनाए।

एनका अनुसार, गहुँमा लाग्ने खैरो सिन्दुरे तराईदेखि ८ सय मिटरसम्म देखिन्थ्यो। अहिले १८ सय मिटरसम्म देखिन थालेको छ। राष्ट्रिय जलवायु परिवर्तन सर्वेक्षण–२०२२ मा सहभागी ५० प्रतिशत उत्तरदाताले बालीमा नयाँ रोग र नयाँ किरा लाग्ने समस्या देखिएको बताएका छन्। रोग र कीराले कृषि उत्पादन घटाउँदा यसविरुद्ध किसानले रासायनिक मल र उन्नत बिउबिजनको उपयोग बढाएको प्रतिवेदनमा उल्लेख छ।

**चुलिदै संकट**

संयुक्त राष्ट्रसंघीय विश्व खाद्य कार्यक्रमका अनुसार २० लाख भन्दा बढी नेपाली खाद्य असुरक्षाको चरम जोखिममा छन् । इसिमोडको पछिल्लो अध्ययनले ५० प्रतिशत नेपाली खाद्य असुरक्षाको जोखिममा रहेका र त्यसमध्ये हिमाली क्षेत्रमा ६० प्रतिशत रहेको देखाएको छ। विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले सन् २०१४ मा गरेको जलवायु परिवर्तनको आर्थिक प्रभावसम्बन्धी अध्ययनले जलवायु परिवर्तनबाट कुल गार्हस्थ उत्पादनमा वार्षिक १ दशमलव ५ प्रतिशतदेखि २ प्रतिशतसम्म प्रत्यक्ष असर गर्ने देखाएको थियो । इसिमोडको सन् २०१६ को अध्ययनले कृषि र पशुपालनमा आधारित मध्य पहाडको जीवनरेखा बनेका पानीका स्रोत सुकिरहेको देखाएको थियो । पानीका स्रोत सुक्दा खानेपानी र सिँचाइको समस्या चुलिएको छ। खानेपानीको अभावले कैयौं गाउँ पहाडबाट बसाई सरेका छन्। धान फल्ने टारी खेत बाँझिएका छन्।

गुल्मी दरबार–१ बलिथुमका ८० वर्षीय नारद कडेंल पानीका स्रोत सुक्दा खानेपानी र सिँचाइको समस्या बढेको बताउँछन्। 'सिँचाइको भरपर्दो व्यवस्था नहुँदा पहिले खेती हुँदै आएका टारी खेत अहिले बाँझिन थालेका छन्।'-उनले भने। इसिमोडअन्तर्गतको विकास तथा वातावरण अर्थशास्त्रका लागि दक्षिण एशियाली सञ्जाल स्याण्डीले धान उत्पादनमा जलवायु परिवर्तनको प्रभावबारे गरेको एक अध्ययनले कार्बन उत्सर्जन कटौती नगरिए सन् २१०० सम्ममा नेपालको धान उत्पादन अहिलेको तुलनामा ४ दशमलव २ प्रतिशतले घट्ने आँकलन गरेको छ । वातावरण मन्त्रालयको अध्ययनले जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा मात्र कुल गार्हस्थ उत्पादनको ० दशमलव ८ प्रतिशत क्षति पुगिरहेको देखाएको छ।

कृषि वन विश्वविद्यालयका प्राध्यापक डा. इश्वरी कडेरिया भनाइमा यसको मारमा साना किसान बढी पर्दछन् । धानमा दाना नलाग्ने भुस हुने, मकैमा घोगा नलाग्ने र रोगकिराको आक्रमण बढ्ने हुँदा त्यस्ता प्रवृत्तिको मार सबैभन्दा बढी साना किसानलाई पर्छ । कृषि उत्पादन घट्दा त्यसैबाट जीविकोपार्जन गरिरहेकालाई संकटमा पार्छ। नेपालमा २१ प्रतिशत गरिबमध्ये अधिकांश किसान छन्।

**अब चाल्नुपर्ने कदम**

सरकारले राष्ट्रिय जलवायु परिवर्तन नीति–२०७६ ल्याएको छ। नीतिले जलवायु अनुकुलन र जोखिम न्यूनीकरण कार्यक्रम गर्न निर्देश गरेको छ । तर जलवायु परिवर्तनको गम्भीर असर देखिंदा त्यसको सामना गरेर अघि बढ्ने सरकारी कार्यक्रम सुस्त रहेको जलाधार विज्ञ डा. मधुकर उपाध्याय बताउँछन् । जलवायु परिवर्तन जोखिम न्यूनीकरणका लागि नीति मात्रैले नपुग्ने कानुन आवश्यक रहेको उनको भनाइ छ।

बढ्दो तापक्रमका जोखिम न्यूनीकरण गर्न कसरी अघि बढ्ने भन्ने बारेमा अध्ययन नभएको जल तथा मौसम विज्ञान विभाग कृषि हावापानी शाखा प्रमुख विद्या महर्जन बताउँछिन्।

त्यसो त डुबान र खडेरी सहन सक्ने धान र गहुँको नयाँ जात विकास गर्न थालिएको छ । कृषि अनुसन्धान निर्देशनालय, बाँकेका प्राविधिक अधिकृत सुमन बोहरा खडेरी सहन सक्ने धान र गहुँको नयाँ जातको लागि दुई वर्षदेखि अनुसन्धान गरिरहेको र छिट्टै सफलता हात लाग्ने बताउँछन्।

लुम्बिनी प्रदेश सरकारले आव २०७६/०७७ देखि चार वर्ष स्मार्ट कृषि कार्यक्रम सञ्चालन गऱ्यो । यो कार्यक्रमको मुख्य उद्देश्यमध्ये एक किसानलाई जलवायु अनुकुलन खेती प्रणालीमा अभ्यस्त गराउनु थियो। स्मार्ट कृषि कार्यक्रम तयार गर्ने कृषिविज्ञ डा. कडेरिया स्मार्ट कृषि कार्यक्रमको सञ्चालन उद्देश्यअनुसार नचलाउँदा किसानले अपेक्षित लाभ पाउन नसकेको बताउँछन्।

तहगत सरकार जलवायु अनुकुलन कृषि कार्यक्रम चलाउन एकीकृत ढंगले अघि बढ्न चुकिरहेको कृषिविद् डा. कडेरिया बताउँछन्। 'चुनौती धेरै छन्, तहगत सरकार समन्वयात्मक ढंगले अघि बढ्नुपर्छ। किसानलाई जलवायु अनुकुलन कृषि प्रणालीमा अघि बढ्न ढिलाई गर्न हुन्न।'-उनले भने।

# देश बर्बाद गर्ने नेताहरूबिच अभूतपूर्व एकता



युवराज घिमिरे

राजनीति भद्रगोलको मात्र होइन, कहालीलाग्दो स्थितिमा छ । मुलुकको प्रधानमन्त्री भइसकेका पुष्पकमल दाहाल 'प्रचण्ड' माओवादीले सम्मान नपाए मुलुक नरहने चेतावनी दिनमा व्यस्त छन् । नेता र दलको सम्मान उनीहरूको अधिकार होइन, जनताले उनीहरूलाई कसरी हेर्छन्, त्यसमा भर पर्छ। विदेशीको बुइ चढेर नेपाली मार्ने 'क्रान्ति' प्रमुखले अब घुर्कीबाट समर्थन खोज्ने अवस्था आउनु उनको राजनीति र एक किसिमिले मुलुककै राजनीतिको अत्यन्त दयनीय पक्ष हो। राष्ट्रिय स्वाभिमान तथा राजनीतिको यही दयनीय चरणमा प्रधानमन्त्री केपी ओली महत्वपूर्ण छिमेकी यात्रामा जाँदैछन्, पहिले चीन र त्यसपछि भारत।

यद्यपि, 'सांघाई कोअपरेशन अर्गनाइजेशन'को शिखर बैठकमा 'डायलग पार्टनर'को हैसियतमा रहेको नेपालको नेतृत्व गर्दै ओली चीन जान लागेका हुन्, तर सुखद पृष्ठभूमि छैन, त्यसको। त्यस्तै, त्यहाँबाट फर्केको दुई सातामा नै उनी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निम्तोमा भारत टेक्दै छन्। यी दुवै यात्रालाई भारत र चीनले खल्लो बनाइदिएका छन्, नेपालका लागि।

करिब १० दिनअघि (अगस्ट १९ मा) दिल्ली भ्रमणमा रहेका चिनियाँ विदेशमन्त्री वाङ यी र भारतीय प्रधानमन्त्रीका सुरक्षा सल्लाहकार अजित डोभलबिच एउटा सहमति बन्यो। भारतको उत्तराखण्ड र तिब्बत जोड्न प्रक्रियामा रहेका तीन सडकमध्ये एउटा 'लिपुलेक' हुँदै निर्माण गरिनेछ भन्ने सम्झौता उनीहरूले गरे।

लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई नेपाल र भारत दुवैले आफ्नो भूमि दाबी गर्दै आ-आफ्ना नक्सामा सामेल गरेका छन् र यो विषयलाई ऐतिहासिक पृष्ठभूमि तथा प्रमाणजन्य तथ्यका आधारमा कूटनीतिक संयन्त्रमार्फत सम्बोधन गर्न यसअघि दुवै पक्ष राजी भएता पनि व्यवहारमा त्यो कत्ति अघि बढेको छैन। भारतसँगै चीनले पनि लिपुलेक हुँदै सडक निर्माण गर्ने दुई पक्षीय निर्णयमा नेपाललाई जानकारी दिन या उसको सहमति लिन आवश्यक ठानेन।

नियमित रुपमा जस्तै, चीनले नेपालको सार्वभौमसत्ता र अखण्डताप्रति कतैबाट खतरा आएमा त्यो चीनका लागी सह्य नहुने र त्यसमा नेपाललाई सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दै आएको छ। तर, यसपल्ट स्वयं चीनमाथि नेपालको भौगोलिक अखण्डताप्रति संवेदनशील नरहेको आरोप लाग्न थालेको छ नेपालमा।

चीन र भारतले नेपाली भूमि प्रयोग गरी सडक निर्माणको काम अघि बढाउने घोषणा १० वर्षअघि अर्थात २०१५ मेमा नै गरिसकेका हुन्। त्यसबेला नेपालले आफ्नो आपति जनाउँदै दुवै मुलुकलाई पठाएको 'डिप्लोमेटिक नोट' अझै अनुत्तरित छ। त्यसलाई दुवैले समान रुपमा बेवास्ता गर्नुलाई दुई ठूलाको नजरमा नेपालको हैसियत घटेको बुझ्न सकिन्छ। तर, आफ्नो भूमि अनाधिकृत तरिकाले अरु मुलुकले प्रयोग गर्दा त्यसको स्वामित्व त्यति सहजै गुम्दैन। प्रभावकारी र तथ्यपूर्ण प्रमाण पेश गरी ती भूमि फिर्ता लिन आवश्यक कूटनीतिक पहल उठाउने अधिकार र विकल्प नेपालसँग सुरक्षित छ।

१० वर्षअघि चीन-भारत निर्णय जुन अठोटका साथ आए पनि त्यसपछि उत्पन्न विविध शत्रुवत परिस्थितिमा त्यो अघि बढ्न सकेन। सन् २०१७ मा 'डोकलम' क्षेत्रलाई लिएर भारत र चीनबिच तनावको वातावरण बन्यो भने त्यसको ३ वर्षपछि अरुणाञ्चल प्रदेशको गलवान क्षेत्रमा दुई मलुकका सेनाबीच झडप हुँदा हताहतिका समाचार सार्वजनिक भएका थिए। त्यसपछि यी दुई देशको सम्बन्ध झनै चिसिएको थियो। जसले गर्दा 'लिपुलेक' सडकको मुद्दा यत्तिकै थाती रह्यो।

अहिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फैलाएको 'ट्यारिफ आंतक' का कारण त्यसको प्रतिरोधमा चीन अघि सरेपछि रुस, भारतलगायत मुलुकको चीनसँग एउटा नयाँ समीकरण बन्न लागेको देखिन्छ । सांघाई सहयोग संगठन (एससिओ) सम्मेलन अमेरिकाविरुद्ध स्पष्ट नीति निर्माणको थलो बन्न सक्छ। तर, दुवै छिमेकीबाट अपमानित र पीडित नेपालका लागि यो मञ्चले के अर्थ राख्ला? दुई हात्तीको प्रेमालापमा हाम्रो हरियो घाँस मडारिने मैदान नबनोस्, नेपालको वर्तमान चिन्ता यही हो।

ओली कुनै समयमा अर्थात् त्यही तनावग्रस्त १० वर्षको अवधिमा नेपालमा 'हिरो' बनेका व्यक्ति हुन् । सन् २०१५ सेप्टेम्बरमा नेपालले नयाँ संविधान जारी गर्दा 'मधेसी' क्षेत्रका मागहरुको सम्बोधन नगरेको भन्दै भारतले १३४ दिनको नाकाबन्दी लगाएको थियो । व्यापार तथा पारवहन अर्थात समुद्री बन्दरगाहमा वैकल्पिक अर्थात गैरभारतीय बन्दरगाहमा पहुँचका लागि उनले चीनसँग नयाँ सहमति गरे । पछि लिपुलेक, लिम्पियाधुरा तथा कालापानी विवादमा आफ्नो दाबी प्रखर रुपमा पेश गर्न त्यसमा राष्ट्रिय सहमति निर्माण गरे। तर, त्यसयता ओलीको सर्वसत्तावादी चरित्र अनि प्रतिस्पर्धी र फरक राजनीतिक पक्षलाई प्रताडित गर्ने, राज्यसंयन्त्रको दुरुपयोग गरी यातना दिने कार्यले उनी मुलुकमा अलोकप्रिय भएका छन् भने अन्तर्राष्ट्रिय मञ्चमा उनको हैसियत गिरेको छ। भ्रष्टाचार र जवाफदेही शासन व्यवस्थाको पर्याय बनेको छ उनको शासनसत्ता। नेपालको सन्दर्भमा चीन र भारतका आ-आफ्ना अवधारणा छन् । भारतले अक्सर नेपालमाथि नाजायज फाइदाका लागि चिनियाँ कार्ड प्रयोग गर्ने गरेको आरोप लगाउने गरेको छ । त्यस्तै, नेपाली भूमि चीन या पाकिस्तानद्वारा भारतको विरुद्धमा प्रयोग भइरहेको आरोप लगाउन पनि ऊ पछि परेको छैन।

तर, कस्तो विडम्बना ! आफू सधैँ सशंकित रहने गरेको चीनसँग मिलेर नेपाली भूमिमाथि नियन्त्रण जमाएको आरोप अब भारतले खप्नुपरेको छ। पटक-पटक नेपालको अनुरोधपछि पनि सीमा विवादबारे वार्ता गर्न नखोज्नुले भारत यो विषयमा प्रमाण र नैतिक हिसाबले कमजोर रहेको बुझ्न कठिन छैन। त्यस्तै, नेपालको सार्वभौमसत्ताको पक्षमा उभिने प्रतिबद्धता जनाए पनि ठूलो स्वार्थका लागि चीन पनि त्यसबाट पछि हट्न सक्छ भन्ने सन्देश नेपालमा उब्जिएको छ। ओलीका लागि यो चुनौती र अवसर दुवै हुनेछ। उनी एससिओको साइडलाइनमा चीनसँग कसरी प्रस्तुत होलान्, र लिपुलेक हुँदै निर्माणाधीन सडकबारे चीनको सन्देश के होला ? एससिओपछि त्यसले महत्व राख्नेछ र त्यो सन्देश ओली सेप्टेम्बर १६/१७ मा भारत जाँदा पनि सान्दर्भिक रहने छ।

भारत र चीन अहिले राष्ट्रपति ट्रम्पका केही नीतिगत घोषणाका कारण नजिक आए पनि विशेषतः दक्षिण एसियाली क्षेत्रमा उनीहरू प्रतिस्पर्धी नै हुन्। नेपाललगायत दक्षीण एसियाका मुलुकहरूमा उनीहरू आ-आफ्नो रणनीतिक स्वार्थ तथा प्रभूत्व स्थापित गर्न चाहन्छन्।

पूर्वराष्ट्रपति तथा स्वघोषित एमाले नेत्री विद्या भण्डारी तीन महिनाअघि चीन गई फर्केपछि उनको नेतृत्वमा एमालेले वाम एकतामा योगदान पुऱ्याउन सक्छ भन्ने अड्कलबाजी नेपालमा र सम्भवतः त्योभन्दा बढी भारतमा हुन थालेको हो। सम्भवतः त्यही कारणले विगत १४ महिनामा भ्रमणको निम्तो दिन नचाहेको भारतले ओलीलाई औपचारिक यात्राको निम्तो दिएको हो । तर, विडम्बना, भारतीय विदेश सचिव विक्रम मिश्रीले मोदीका तर्फबाट निम्तो दिएर फर्केको भोलिपल्टै डोभल-वाङ यी समझदारीले नेपाललाई झस्कायो । ठूला मुलुकहरूलाई कसरी विश्वास गर्ने ? यो नेपालको अर्को विडम्बना हो।

पक्कै पनि नेपालको आन्तरिक राजनीति १२ बुँदेमार्फत भारतलाई सुम्पिएबापत बाह्य हस्तक्षेप नेपालको नियती बनेको मात्र हैन, त्यसलाई कबुल गर्दै ओलीलगायत आठ दलका अग्रगामी सत्ताका नाइके बन्न मञ्जुर गरेका हुन् । प्रचण्ड नेपाल नरहने अवस्थाको कल्पना गरेर 'दूरदर्शी' देखिन चाहन्छन् । त्यसैले ओली मुलुकको सार्वभौम अखण्डताबारे प्रत्युत्पादक र सस्तो टिप्पणी गरी विदेशीलाई जिस्काएर अखण्डता प्रतिकूल परिस्थिति निर्माण गर्छन् र त्यसैले मुलुकको हैसियत डुबे पनि सत्ताको नेतृत्व कुनै रुपमा हासिल गर्न नेपाली कांग्रेसका नेता शेरबहादुर देउवा पार्टीको बैठक बोलाएर लिपुलेक हुँदै निर्माण हुन लागेको सडकबारे चुइँक्क बोल्न या उचित निर्णय लिन सक्तैनन्। बिकेको आत्मा र सम्मान गुमाएका नेता तथा उनीहरूले हाँकेको व्यवस्था मुलुकका लागि ठूलो खतरा बनेको छ अहिले । नेपालका राजनीतिक दलहरूजस्तै नेपालमा आफ्नो आकार बढाउँदै गएको भारतको राष्ट्रिय स्वयंसेवक संघको अभिभावकत्व ग्रहण गर्ने हिन्दु स्वयंसेवक संघ र उसको बृहत् परिवार सीमा विवादमा मौन छ, हिजो नाकाबन्दीमा जस्तै।

वास्तवमा ओली ती सबै साझा छलछाम र गद्दारीका अर्का पात्र हुन्। उनलाई आफ्नो योग्यता र विकल्पहीनताबारे अत्यधिक भ्रम छ । महाकालीबाट १ खर्ब २० अर्ब रुपैयाँ वर्षेनी फाइदाको आश्वासन साथ एउटा महत्वपूर्ण जलस्रोत परियोजना तीन दशकअघि भारतलाई जिम्मा लगाई परियोजना अघि नबढ्दा त्यसबारे बोल्न नसक्ने व्यक्तिले के सौम्य र प्रभावकारी शैलीमा यो विषय उठाउने हैसियत राख्ला भारत र चीनमा ? प्रधानमन्त्रीका रुपमा ओलीले यी संवेदनशील विषयमा एउटा सहमतिपूर्ण अडान निर्माण गर्न कुनै पहल गरेकै छैनन्। पार्टीभित्र विद्या भण्डारी र केही हदसम्म मदन भण्डारीलगायतलाई आलोचना गर्नु नै उनको अहिले राष्ट्रिय एजेन्डा बनेको छ। नेपालीहरूले बुझ्नै पर्ने कुरा के हो भने ओली र देउवाको स्वार्थ राष्ट्रिय स्वार्थ हैन। त्यो उनीहरूको निजी स्वार्थ हो, सत्ता तथा अधिनायकवादी शासनको महत्वाकांक्षामा । उनीहरू भ्रष्ट र जवाफदेहीविहीन शैलीमा मुलुक लुट्न चाहन्छन्। त्यसको सशक्त प्रतिवाद र उनीहरूको पराजयले मात्र प्रजातन्त्र राष्ट्रियता, राष्ट्रिय स्वाधिनतालाई प्रगाढ बनाउँछ।

देश नरहने प्रचण्डको चेतावनी वास्तवमा उनको राजनीतिक अभिष्ट र चाहना हो । प्रचण्ड-बाबुराम र माओवादीको त्यही एजेन्डालाई केन्द्रमा राखी भारतको प्रयासमा नेपाली कांग्रेस, एमाले र मधेस केन्द्रित दल १२-बुँदेअन्तर्गत एउटै मञ्च, मिसन र थलोमा उभिएका थिए। त्यस अर्थमा आज राजनीतिक पसलका हिसाबले जो जहाँ भए पनि देउवा र ओली, माधव नेपाल, प्रचण्ड, उपेन्द्र यादव र बाबुराम भट्टराई या महन्थ ठाकुर एउटै हुन्।

मुलुकमा जवाफदेहीविहीन हिसाबले शासन गर्नु, संसद्, न्यायलय र मन्त्रिपरिषद्लाई नियन्त्रणमा राख्नु, आफूलाई कानुनभन्दा माथि प्रस्तुत गर्नु अनि अख्तियार, सम्पत्ति शुद्धीकरण या राजस्व अनुसन्धानजस्ता छानबिन निकायहरूलाई राजनीतिक प्रतिशोधका लागि प्रयोग गर्नुलाई उनीहरूले अधिकार र शासकीय शैलीका रुपमा अपनाएका छन्।

यस्तो अवस्थामा के मुलुकको हित, स्वार्थ र इज्जत तथा सार्वभौम हैसियतको पक्षमा ओलीले प्रस्तुत गर्लान् आफूलाई अहिले चीनमा र पछि भारतमा ? सीमा विवादमा आफ्ना पक्षमा नेपालको बिकाउ प्रवृत्तिले त्यो प्रमाण परम्परागत र मित्रवत् हिसाबले कूटनीतिक संयन्त्रमा राख्न उनीहरू डराइरहेका छन्। मुलुकलाई कमजोर देखाउनु या देश रहँदैन भन्ने धम्की दिनु उनीहरूको बाध्यता र शायद अग्रगामी रणनीतिक धम्की पनि। (देश संचार)

# डा. लेखजंगको पहिलो श्रीमतीसँग डिभोर्स भैसकेको रास्वपाको दाबी

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले रुपन्देही ३ का उम्मेदवार डा. लेखजंग थापाका दुई श्रीमती नरहेको प्रष्ट पारेको छ ।

पार्टी महामन्त्री कविन्द्र बुर्लाकोटीले डा. थापाको बहु विवाहबारे उम्मेदवार छनोट प्रकृयाकै समयमा सूचना आएपछि पार्टीको अफिसियल टिमले भेरिफाई गर्दा पहिलो श्रीमती सुलोचना घिमिरेसँग २०७९ सालमै डिभोर्स गरेकाले बहुविवाहको अवस्था नभएको बताए ।

'पार्टीले आन्तरिकरुपमा उम्मेदवार छनोट प्रकृया सुरु गरेपछि नै उहाँको बहुविवाहको सूचना पार्टीमा आएको हो, हामीले त्यसबारेमा भेरिफाई गर्दा पहिलो श्रीमतीसँग डिभोर्स भएको पायौं,' महामन्त्री बुर्लाकोटीले भने-'पार्टीले सोधपुछ गर्दा विगतमा बहुविवाह भए पनि उम्मेदवार बन्ने प्रकृयामा गएपछि डिभोर्स गरेको उहाँले बताउनुभयो, हामी त्यसमा विश्वस्त भयौं ।'

लेखजंगकी पहिलो श्रीमती सुलोचना घिमिरेले बिएससी नर्सिङ गरेकी छन् । उनी भैरहवास्थित युनिभर्सल कलेज अफ मेडिकल साइन्सेसमा कार्यरत छन् । लेखजंगको कान्छी श्रीमती नुमा शर्मा काठमाडौं बस्छिन् ।

'यसमा शंका गर्नुपर्ने विषय छैन, हण्ड्रेड पर्सेन्ट भेरिफाई गरेर नै पार्टीले उम्मेदवारको निर्णय गरेको हो,' महामन्त्री बुर्लाकोटीले भने -'बहुविवाह अन्त्य भएको विषयलाई अनावश्यक उछालिएको छ, त्यो अफवाह मात्रै हो ।'

पहिलो पत्नीसँग सम्बन्धविच्छेद गरेपछि मित्रवत सम्बन्ध रहेको पाइएको महामन्त्री बुर्लाकोटीले बताए । पहिलो पत्नीबाट जन्मिएको बच्चा पनि लेखजंगजसँगै रहेकाले सौहार्द्रपूर्ण सम्बन्ध हुनु स्वभाविक भएको उनको तर्क छ ।

'डिभोर्स हुने बित्तिकै झैंझगडा नै गर्नुपर्ने, बोलचाल र मित्रता नहुने भन्ने पुरानो मान्यता हो, अहिलेको समाजमा त्यस्तो नहुन पनि सक्छ ।'-बुर्लाकोटीले भने ।

सिद्धार्थनगर नगरपालिका वडा नम्बर ९ अञ्चलपुरका लेखजंगलाई रास्वपाले गत शुक्रबार र शनिबार सञ्चालन गरेको प्राइमरी इलेक्सनको मत र अरू प्रक्रियाका आधारमा आइतबार उम्मेदवार बनाउने घोषणा गरेको हो ।

२०८० असार ७ गते पार्टी सदस्यताको आवेदन फर्म भरेका थापाको सदस्यता भने प्राविधिक कारण २०८२ मा प्रमाणित भएको पार्टीले जनाएको छ । त्यसअघि उनी २०७९ सालको निर्वाचनमा नागरिक उन्मुक्ति पार्टी (नाउपा) तर्फबाट लुम्बिनी प्रदेश सभामा समानुपातिक सांसदको सूचीमा थिए ।

# जलवायु परिवर्तनको असर रोक्न वृक्षरोपण : मन्त्री कलवार




परासी । लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री देवकरण कलवारले जलवायु परिवर्तनको असर कम गर्न वृक्षरोपण गर्न अति आवश्यक रहेको बताएका छन् ।

उनले खाली जग्गामा व्यापक वृक्षरोपण गरी जलवायु परिवर्तनको असर कम गर्न जरुरी रहेको बताए । पश्चिम नवलपरासीमा बुद्ध शान्ति साझेदारी बन उपभोक्ता समूहको छैठो साधारण सभालाई सम्बोधन गदै मन्त्री कलवारले वृक्षरोपण गर्नेलाई निःशुल्क बिरुवाहरु प्रदेश सरकारले उपलब्ध गराउँदै आएको बताए । प्रदेश सरकारले प्रदेश भरि खाली जग्गामा २५ लाख वृक्षरोपण गर्ने लक्ष्य साथ अगाडि बढेको जनाए । वनमा अथाह सम्पती भए पनि बनलाई सही व्यवस्थापन गर्न नसकिएको मन्त्रीको भनाइ थियो ।

कर्मचारी, राजनीतिक दल सबै मिलेर संवर्द्धन प्रणालीमा आधारित व्यवस्थान गरे राम्रो आम्दानी गर्न सकिने मन्त्री कलवारले भनाइ थियो । वन उपभोक्ता समूहको अध्यक्ष वीरेन्द्रप्रसाद चौधरीले तीन करोड बढीको काठ उत्पादन गर्ने गरेको र झन्डै ५० लाख बढीको काठ उपभोक्ताहरुलाई उपलब्ध गराउँदै आएको जानकारी दिए ।

उनका अनुसार पुन उत्पादन कटानअन्तर्गत ६ सय २५ वटा रुख काटन गरी २३ हजार नौ सय ४८ क्यूफिट र ७० चटा दाउरा तथा ८९ वटा रुख कटान गरी ६ हजार ९३ क्यूफिट ४ चटा दाउरा उत्पादन भएको छ ।

आर्थिक वर्षमा कटान भएका र पुरानो काठ गरी अहिले २ करोड १ लाख बराबरको काठ लिलामबाट बिक्री हुन लागेको छ । आर्थिक वर्ष २०८१ र ०८२ मा मात्र उपभोक्ता समूहले पुनरुत्पादन कटानअन्तरगत ७१४ रुख कटानबाट २९ हजार ५९१ क्विफिट काठ र ७४ चटा दाउरा संकलन गरेको थियो । त्यसबाट १ करोड ६८ लाख १९ हजार रकम आम्दानी भएको अध्यक्ष चौधरीले जानकारी दिए ।

आर्थिक वर्ष २०८१/०८२ मा कुल २ करोड २७ लाख ६३ हजार आर्थिक कारोबार भएको समूहले जनाएको छ । दुई वटा नगरपालिका र एक गाउँपालिकाका उपभोक्ताहरु अबद्ध रहेका छन् । रामग्राम नगरपालिकाको वडा ६,९,१०,१४,१५,१६,१८ र सुनवल नगरपालिकाको वडान २, ८ र ९ तथा पाल्हीनन्दन गाउँपलिकाको वडान ४५ र ६ गरी कुल १० हजार ६ सय २५ धरधुरी समूहमा अबाद्ध रहेका छन् । उक्त वन क्षेत्र १ हजार २ सय ४ हेक्टरमा क्षेत्रफलमा फैलिएको समूहले जनाएको छ ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख भगौती यादव, वन तथा वातावरण मन्त्रलायका सचिव प्रमोद भट्टराई, वन तथा वातावरण मन्त्रलायका निर्देशक प्रभात सापकोटा, डिभिजन वन कार्यालय नवलपरासीका डिभिजन वन अधिकृत राजु क्षेत्री, जनता सामाजवादी नेपालका जिल्ला अध्यक्ष धरेन्द्र यादव, नेपाली काँग्रेस कार्यबहाक सभापति बिक्रम यादव, दीपक गैरेलगायतले सामुदायिक वन जोगाउन हामी सबै दायित्व भएको जोड दिएका थिए ।

# अस्तव्यस्त चिदिचौर खेलमैदान



गुल्मी । तम्घासको फोर्टिन स्टार युवा क्लब चिदिचौर खेलमैदान समयमै सम्पन्न नुहँदा यस वर्ष खेल प्रतियोगिता सञ्चालन गर्ने कि नगर्ने भन्ने अन्योलमा छ । दसैं तिहारमा उक्त क्लबले यही खेलमैदानमा विभिन्न प्रतियोगिता सञ्चालन गर्ने योजना बनाएको छ । तर उक्त मैदान पुनःनिर्माणको काम ६ महिनादेखि अधुरै छ ।

"खेलमैदान निर्माण सम्पन्न नहुँदा खेल प्रतियोगिता सञ्चालन गर्न अन्योल भएको छ", क्लबका अध्यक्ष नारायण आचार्यले भने- "मैदान खनेर छोड्दा समस्या भएको छ ।"

सदरमुकाम तम्घासको केन्द्रमा रहेको खेलमैदानमा उक्त क्लबले छात्र फुटबल, जिल्ला भलिबल सङ्घले पालिकास्तरीय भलिबल, पुल्चोक क्लबले छात्रा फुटबल, खुकुरी युवा क्लबले क्रिकेटलगायतका प्रतियोगिता आयोजना गर्ने योजना बनाएका छन् । त्यसभन्दा बाहेक विभिन्न मेला, महोत्सव, उत्सव, गाईजात्रा, तीज गीतलगायतका कार्यक्रम पनि यही खेलमैदानमा हुने गर्दछन् ।

वर्षभरीमा विभिन्न प्रतियोगिता र सांस्कृतिक कार्यक्रम गरिने चिदिचौर मैदान पुनःनिर्माणका कारण बन्द छ । क्लबका अध्यक्ष आचार्यले खेलमैदान खनेर अलपत्र छोड्दा समस्या भएको बताए ।

"खनेर यत्तिकै छोडिएको छ, यसले सिङ्गो खेल क्षेत्रलाई असर परेको छ । खेल मैदानलाई छिटोभन्दा छिटो निर्माण सम्पन्न गर्नुपर्छ ।-उनले भने । चिदिचौर खेलमैदान निर्माणको काम बहुवर्षीय आयोजनाअन्तर्गत लैजानु गलत भएको उनले जनाए ।

जिल्लामा चिदिचौर मैदान खेलाडी उत्पादनमा सहयोगी बनेको थियो । तम्घासमा अष्टमीको दिन रोपाईजात्रासँगै लाचे नाच पनि चिदिचौरमै हुने गर्दछ । तर यस वर्ष यस्ता सांस्कृतिक कार्यक्रम हुने सम्भावना छैन ।

रेसुङ्गा नगरपालिका-२ की सरस्वती कँडेलले भने-"चिदिचौर खनेर छोड्न हुन्नथ्यो । यसलाई चाँडो निर्माण गर्नुपर्छ ।"

निर्माण व्यवसायीले काम नगर्दा चिदिचौर मैदान खनेर अस्तव्यस्त पारिएको छ । मैदानको बीचमा ढुङ्गा, गिट्टी, पाइपलगायतका निर्माण सामग्री राखिएका छन् । मैदानको बिच भागबाट पानी बगिरहेको छ । मैदानमा खाल्डाखुल्डी पारेर यत्तिकै छोडिएको छ ।

चिदिचौर खेल मैदान पुनःनिर्माणका लागि रु एक करोड लागत रहेको छ । विसं २०८२ बैशाखमा सो कार्यको जिम्मा रामेछाप कन्स्ट्रक्सनले पाएको थियो । विसं २०८३ असारसम्म काम सम्पन्न गर्नुपर्ने सम्झौता छ । हालसम्म ५० प्रतिशत काम काम सकिएको रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले बताए ।


## साना किसान कृषि सहकारी संस्था लि.

मुसिकोट नगरपालिका-३, वडागाउँ, गुल्मी

(सहकारी ऐन २०४८ अनुसार स्थापित)

फोन नं. ९८५७०६४३३३, ९८५७०६७११७

प्रथम पटक प्रकाशित मिति : २०८२/०५/१५

यस साना किसान कृषि सहकारी संस्था लि., वडागाउँ गुल्मीको मिति २०८२ भाद्र ५ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले उपभोग गर्नुभएको कर्जा/ऋणको यस सहकारी संस्थासंग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुदा सो सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित ताकेता/पत्राचार गर्दा समेत कर्जा/ऋण भुक्तान नगरी सहकारी संस्थासंग गरेको शर्त कबुलियत उल्लघंन गर्नु भएकोले संस्थाको विनियम, ऋण लगानी तथा असुली कार्यविधीको परिधिमा रही असुली प्रक्रिया अगाडी बढाइने व्यहोरा यसै सूचना मार्फत जानकारी गराउदछौं । यसबाट पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौं ।

**तपशिल :**

| ऋणीको विवरण | ऋणीको फोटो | धितो/धन जमानीको विवरण | जमानीको फोटो | धितोको विवरण |
|---|---|---|---|---|
| ऋणीको नाम : निमकला बगाले<br>पतिको नाम : गान बहादुर बगाले<br>ससुराको नाम : शेर बहादुर बगाले<br>ना.प्र.नं. : ४१३००४/२०८, गुल्मी (२०६३/१०/१६)<br>ठेगाना : मुसिकोट-४, डाडाथोक गुल्मी (साविक वडागाउं-३, गुल्मी) |  | धन जमानीको नाम : पर्वत बगाले<br>बाबुको नाम : गान बहादुर बगाले<br>बाजेको नाम : शेर बहादुर बगाले<br>ना.प्र.नं. : ४१-०१-७८-०३२५९ गुल्मी (२०७८/०७/०७)<br>ठेगाना : मुसिकोट-४, डाडाथोक गुल्मी (साविक वडागाउं-३, गुल्मी) |  | निमकला बगालेको नाममा नापी कायम भएका कित्ता नं. १८८७ र सो जग्गामा बनेको पक्की घर समेत । |
| ऋणीको नाम : प्रेमकला बगाले<br>पतिको नाम : बोम बहादुर बगाले<br>ससुराको नाम : शिव बहादुर बगाले<br>ना.प्र.नं. : ४१-०१-७०-५६९०, गुल्मी (२०७०/०९/२६)<br>ठेगाना : मुसिकोट-४, डाडाथोक गुल्मी (साविक वडागाउं-३, गुल्मी) |  | धन जमानीको नाम : बोम बहादुर बगाले<br>बाबुको नाम : शिव बहादुर बगाले<br>बाजेको नाम : नाम बहादुर बगाले<br>ना.प्र.नं. : १५१६, गुल्मी (२०५०/१०/११)<br>ठेगाना : मुसिकोट-४, डाडाथोक गुल्मी (साविक वडागाउं-३, गुल्मी) |  | प्रेमकला बगालेको नाममा नापी कायम भएका कित्ता नं. ९४६, १८१५, १८१९, ९७९, १८२४, १८२२ |
| ऋणीको नाम : दुर्गा कुमारी मगर<br>पतिको नाम : अम्मर बहादुर मगर<br>ससुराको नाम : भिमराज मगर<br>ना.प्र.नं. : ४१३००४/२१०, गुल्मी (२०६३/१०/१७)<br>ठेगाना : मुसिकोट-४,उपल्लोगाउँ, गुल्मी (साविक वडागाउं-३, गुल्मी) |  | धितो जमानीको नाम : भिमराज मगर<br>बाबुको नाम : तारा सिं मगर<br>बाजेको नाम : तुले मगर<br>ना.प्र.नं. : २३१३, गुल्मी (२०४३/१०/०४)<br>ठेगाना : मुसिकोट-४, उपल्लोगाउँ, गुल्मी (साविक वडागाउं-३, गुल्मी) |  | भिमराज मगरको नाममा नापी कायम भएका कित्ता नं. ४५६, ४९४, ५००, ९७९, १८२४, १८२२ |
| ऋणीको नाम : अमृत बहादुर सार्की<br>बाबुको नाम : गोफले सार्कि<br>बाजेको नाम : धुमे सार्कि<br>ना.प्र.नं. : ९७७, गुल्मी (२०४३/८/१९)<br>ठेगाना : मुसिकोट-४, डाडाथोक, गुल्मी (साविक वडागाउं-३, गुल्मी) |  | धन जमानीको नाम : डिल बहादुर सार्कि<br>बाबुको नाम : गोफले सार्कि<br>बाजेको नाम : धुमे सार्कि<br>ना.प्र.नं. : ११८९, गुल्मी (२०४३/०९/२२)<br>ठेगाना : मुसिकोट-४, डाडाथोक, गुल्मी (साविक वडागाउं-३, गुल्मी) |  | अमृत बहादुर सार्किको नाममा नापी कायम भएका कित्ता न ४८ ,११०, १४०, ४३७, ४३८, ५७८, ६०१, ६२५ |
| ऋणीको नाम : बसन्ती सुनार<br>बाबुको नाम :हुकुम बहादुर सुनार<br>ससुराको नाम : चन्द्रे सुनार<br>ना.प्र.नं. : ४११००४/६९७०१/ गुल्मी(२०७८/०८/२८)<br>ठेगाना : मुसिकोट-३, चुदरीगाउं, गुल्मी (साविक वडागाउं-७, गुल्मी) |  | धितो जमानीको नाम : चन्द्रे सुनार<br>बाबुको नाम : शान्ते<br>बाजेको नाम : लाल सिंह<br>ना.प्र.नं. : १३६९, २०४३/०९/३०, गुल्मी<br>ठेगाना : मुसिकोट-३, चुदरीगाउं, गुल्मी (साविक वडागाउं-७, गुल्मी) | | चन्द्रे सुनारको नाममा नापी कायम भएका कित्ता नं. २५८, ५२९, २६०, ५४८, ५६५<br>हुकुम सुनारको नाममा नापी कायम भएको कित्ता नं. १००७ समेत |
| ऋणीको नाम : पुर्ण कुमारी घर्ती मगर<br>पतिको नाम : कर्ण बहादुर घर्ती मगर<br>ससुरा : रण बहादुर घर्ती मगर<br>ना.प्र.नं. : १७३३५, २०५७/१०/१२ गुल्मी, ठेगाना : मुसिकोट-४, कोह गुल्मी (साविक वडागाउं-९, गुल्मी) |  | धितो जमानीको नाम : कलीदेवी घर्ती मगर<br>पति : रण बहादुर घर्ती मगर<br>ससुरा : तिल बहादुर<br>ना.प्र.नं. : १७३/२०४६/०१/२६/गुल्मी<br>ठेगाना : मुसिकोट-४, कोह गुल्मी (साविक वडागाउं-९, गुल्मी) |  | कलिदेवी घर्ती मगरको नाममा नापी कायम भएको कित्ता नं. ६८७, ६८८, ६९३, ७२१, ७३३, ७३६ |
| ऋणीको नाम : लक्ष्मी सुनार<br>पतिको नाम : रेशम बहादुर सुनार<br>ससुराको नाम : शिव बहादुर सुनार<br>ना.प्र.नं. : ४१-०१-७४/०७००६, गुल्मी (२०७४/०८/२७)<br>ठेगाना : मुसिकोट-३, चुदरीगाउं, गुल्मी (साविक वडागाउं-७, गुल्मी) |  | धन जमानीको नाम : लक्ष्मी सुनार<br>पतिको नाम : रेशम बहादुर सुनार<br>ससुराको नाम : शिव बहादुर सुनार<br>ना.प्र.नं. : ४१-०१-७४/०७००६, गुल्मी (२०७४/०८/२७)<br>ठेगाना : मुसिकोट-३, चुदरीगाउं, गुल्मी (साविक वडागाउं-७, गुल्मी) |  | समुह जमानतमा लिईएको ऋण । |



## बगनासकाली गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा

## नदीजन्य पदार्थको उत्खनन, संकलन, विक्रीका लागि दरभाउ पत्र सम्बन्धि सिलबन्दी दरभाउपत्र सूचना

(प्रथम पटक प्रकाशित मितिः२०८२।०५/१७)

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२(क) को व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खननू गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,करचुक्ता प्रमाणपत्र, ठेक्का कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | बगर तथा नदी क्षेत्र | उत्खननू हुने अधिकतम परिमाण (क्यु फिट) | न्युनतम कबोल रकम (कर बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | BRM/IRR/SQ/01/2082-83 | वडा नं ६ मनद्रानघाट (कालीगण्डकी नदी) | ८६७८१.२४/- | ५,२०,६८८/- | १०००/- |
| २ | BRM/IRR/SQ/02/2082-83 | वडा नं ६ टिपुवा घाट (कालीगण्डकी नदी) | ७९४७०.००/- | ४,७६,८२०/- | १०००/- |
| ३ | BRM/IRR/SQ/03/2082-83 | वडा नं ६ पच्कादी घाट (कालीगण्डकी नदी) | ८८०८८.०८/- | ५,२८,५२९/- | १०००/- |
| ४ | BRM/IRR/SQ/04/2082-83 | वडा नं ७ कोलबगर घाट (कालीगण्डकी नदी) | ८१४१२.६/- | ४,८८,४७६/- | १०००/- |
| ५ | BRM/IRR/SQ/05/2082-83 | वडा नं ७ मझुवा घाट (कालीगण्डकी नदी) | २४४५२०.३६/- | १४,६७,१२३/- | १०००/- |
| ६ | BRM/IRR/SQ/06/2082-83 | वडा नं ७ मिलमिले घाट (कालीगण्डकी नदी) | १०२०३९.४८ | ६,१२,२३७/- | १०००/- |
| ७ | BRM/IRR/SQ/07/2082-83 | लालपाटी मैदाने बधवारीका बगर क्षेत्र | ४१३१८१.६/- | २४,७९,०८९।६०/- | १०००/- |
| ८ | BRM/IRR/SQ/08/2082-83 | बैरे बेलटारीका बगर क्षेत्र | ६१८००६.६५/- | ३७,०८,०३९।९०/- | १०००/- |
| ९ | BRM/IRR/SQ/09/2082-83 | गाउँपालिकाभित्रका कवाडीजन्य बस्तुहरु संकलन र बिक्रि कार्य | | ६५,०००.००/- | १०००/- |
| १० | BRM/IRR/SQ/10/2082-83 | विज्ञापन कर- सार्वजनिक क्षेत्रमा व्यावसायिकविज्ञापन प्रयोजनका लागि (ग्लो साइनबोर्ड, डिपिएस बोर्ड, ब्यानर) | | २५,०००.००/- | १०००/- |

१. दरभाउपत्र फारम खरिद गर्न बगनासकाली गाउँपालिकाको नेपाल बैंक पाल्पा शाखामा रहेको खाता नं. BAGANASKALI GAUNPALIKA ANTAKIR RAJASHWO KHATA ०१७०३०००००१००१००००००१ मा दरभाउपत्र दस्तुर (ठेक्का अनुसारको) जम्मा गरेको सक्कल भौचर फिर्ता नहुने गरि पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन(२०८२/०५/३१) सम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. ठेक्का नं. अनुसारको छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र १६ औ दिनको (२०८२/०६/०१) दिउसो १२:०० बजे सम्म कर्यालयमा पेश गर्नु पर्नेछ । सो दिन सावजनिक बिदा पर्न गएमा बिदाको भोली पल्ट सिलबन्दी दरभाउपत्रपेशगर्नु पर्नेछ । साथै सोही दिनको दिउसो १:०० बजे यस कार्यालयमा दरभाउपत्र खोलिनेछ ।दरभाउपत्र साथ आफुले कवोल गरेको रकमको ५ प्रतिशत धरौटी रकम बगनासकाली गाउँपालिकाको नेपाल बैंक पाल्पा शाखामा रहेको खाता नं. BAGANASKALI GAUNPALIKA DHARAUTI KHATA०१७०३००००००३००००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ वा राष्ट्र बैंकबाट क श्रेणीको मान्यता प्राप्त बैंकको कम्तिमा ७५ दिन म्याद रहेको बैंक ग्यारेन्टि पेश गर्नुपर्नेछ ।



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

उद्देश्यविनाको भ्रमण :

# वालिङ नगरको घुमफिरमा अनियमित खर्च



तस्विर : उप-प्रमुख कविता तिवारीको सचिवालयबाट ।

**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*

स्मार्ट उन्मुख नगर स्याङ्जाको वालिङ नगरपालिकाले अध्ययन, अवलोकन गर्ने नाममा गरिएको भ्रमणबाट लाखौ रकम खर्च गरेको देखिएको छ । आर्थिक वर्ष २०८०/०८१ मा वालिङ नगरपालिकाले विभिन्न जिल्लामा अध्ययन अवलोकन गरेको भ्रमण खर्चमा २४ लाख ९७ हजार ९ सय ४० रुपैयाँ खर्च गरेको देखिएको हो । महालेखापरीक्षकको कार्यालयले गरेको लेखारीक्षण प्रतिवेदनमा नगरपालिकाले गरेको भ्रमण खर्च उल्लेख गरिएको छ । महालेखाले उक्त खर्चलाई उद्देश्य बेगरको घुमफिर खर्च भएको समेत जनाएको छ । भ्रमणको सही सदुपयोग छ भन्ने आधार नरहेको भन्दै महालेखाले अनियमित खचलाई बेरुजुमा दर्ज गराइदिएको छ ।

आर्थिक वर्ष २०७९/०८० मा पनि महालेखाले भ्रमण खर्च उल्लेख नगरे पनि सुझाव दिएको उल्लेख गरेको छ । भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण गर्नुको उद्देश्य र कार्य स्पष्ट उल्लेख गरी सम्बन्धित अधिकारीबाट स्वीकृत लिएर गर्नुपर्ने व्यवस्था छ । भ्रमण नियमावली २०६४ अनुसार प्रक्रिया अवलम्बन गरेर मात्रै भ्रमण गर्न महालेखाले लेखा प्रतिवेदनमा सुझाव दिएको छ ।

तर वालिङ नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा भ्रमण आदेशको र खर्च नियमावलीको कुनै प्रक्रिया अवलम्बन नगरी गरेको भ्रमण खर्चलाई अनियमित खर्चका रुपमा उल्लेख गरिएको दिएको छ । ठोस उद्देश्य किटान नगरी भ्रमण खर्च लेख्दा भ्रमणको औचित्य यथार्थपरक नभइ खर्च अनियन्त्रित देखिने हुनाले पालिकाले स्पष्ट उद्देश्य तथा कार्य बेगर भ्रमण खर्च भुक्तानी गर्ने कुरामा नियन्त्रण गर्न महालेखाले सुझाव दिएको छ । उद्देश्य विनाका खर्चलाई घुमफिर मानिने हुँदा उक्त खर्च आफैं व्यहोर्न समेत संकेत गरेको छ ।

दुई आर्थिक वर्षको महालेखाको प्रतिवेदनमा उल्लेख भएअनुसार नगरपालिकाले भ्रमण आदेशको प्रयोजन नगरी र उद्देश्य विनाको भ्रमण गरेर खर्च गरेको देखिएको छ । आर्थिक वर्ष २०७९/०८० मा खर्च नलेखेर सुझाव दिएको महालेखाले आर्थिक वर्ष २०८०/०८१ मा भने खर्च नै उल्लेख गरेर पुन सुझाव दिएको छ । महालेखा आर्थिक पार्दशिताको सूचक हो भन्ने सम्म थाहा नपाउने नगरपालिका प्रमुख र उपप्रमुख अनावश्यक खर्च गरेको महालेखाले देखाएको छ । यसको अर्को उदाहरण हो, सवारी इन्धन खर्च । गण्डकी प्रदेश सरकारद्वारा पारित गाउँसभा नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधासम्बन्धी ऐन २०७६ मा नगरप्रमुख र उप-प्रमुखले प्रतिमहिना ९०/९० लिटर सवारी इन्धन पाउने व्यवस्थालाई समेत उल्लघंन गरेको महालेखाले औंल्याएको छ ।

वालिङ नगरपालिकाका प्रमुख उपप्रमुले आर्थिक वर्ष २०८०/०८१ मा कार्यालय प्रयोजनका लागि भन्दै सवारी इन्धनमा ३५ लाख खर्च गरेका छन् । वर्षभरीमा प्रमुख र उप-प्रमुखले १ हजार ८० लिटर इन्धन सुविधा पाउने कानुनी व्यवस्था छ । तर पालिकाका प्रमुखले प्रयोग गर्ने गाडीमा २६९३ लिटर डिजेल र उप-प्रमुखले प्रयोग गर्ने गाडीमा ३९९७ लिटर तेल खपत गरिएको महालेखाले सार्वजनिक गरेको लेखा प्रतिवेदनमा उल्लेख छ । तोकिएको परिणामभन्दा अत्याधिक खपत भएका कारण सवारी साधन पालिकाको काममा मात्रै प्रयोग भएको भनी एकिन गर्न सकिएन भन्दै महालेखाले अनियमित खर्चमा उल्लेख गरेको छ । यसमा मितव्ययी अपनाउन समेत सुझाव उल्लेख गरिदिएको छ ।

जनप्रतिनिधिले भ्रमण खर्च धेरै गरे भनेर नागरिकबाट आलोचना भएरहेका बेला चालु आर्थिक वर्षको सुरुमै फेरि वालिङ नगरपालिकाले जम्बो टोली लिएर भारत भ्रमण गरेको छ । उप-प्रमुख कविता तिवारीको नेतृत्वमा जिल्ला समन्वय प्रमुख, उप-प्रमुख, नगरको वडा अध्यक्षसहित कार्यपालिका, राजनीतिकदल, शाखा प्रमुखहरु, पत्रकार, डिभिजन वन कार्यालयलगायत ५५ जनाको जम्बो टोली भारत भ्रमणमा गएको छ । जडीबुटी उत्पादन र बजारीकरणसम्बन्धी अध्ययन अवलोकन गर्न भन्दै भारतको हरिद्धार पतञ्जली योग पिठ प्रस्थान गरेको जनाएको छ । कार्यपालिकाको बैठकबाट भ्रमणको निर्णय भए पनि खर्च र कतिजना सहभागी हुने भन्ने विषयमा बैठकले अन्योलता देखाएको छ । यस विबषयमा नगरप्रमुख कृष्ण खाँणले भने जडीबुटीको सम्बन्धमा पतञ्जलीसँग छलफल भइरहेको र सोही मुताविक यो भ्रमण आयोजना गरिएको बताए ।

भ्रमणको नेतृत्व उप-मेयरले गर्ने र पतञ्जीसँग पनि समन्वय गर्ने जिम्मेवारी उनलाई नै दिएको बताए । खर्चको विषयमा के हो भनी सोधेको प्रश्नमा नगर प्रमुख खाँणले नेपालको खर्च नगरपालिकाले र भारतको खर्च पतञ्जलीले व्यहोर्ने कुरा भएको बताए । तर यो भ्रमणको विषयमा पतञ्जलीले आधिकारिक पत्र भने नपठाएको बताइएको छ । नेपालभन्दा बाहिर भ्रमण गर्दा नेपाल सरकारको अनुमति लिनुपर्ने कानुनी व्यवस्था छ । पालिकाले सामान्य प्रशासन मन्त्रालयको विकास सहायता समन्वय शाखामा पत्राचार गरे पनि प्रक्रिया नपुगी आएकाले फिर्ता पठाइदिएको शाखा अधिकृत दिनेश ढकालले बताए । नगरपालिकाले जम्बो टोली लिएर भ्रमण गरेको विषयमा अहिले आलोचना भइरहेको छ ।

# रामग्राम नगरपालिकाका नगरप्रमुख घरदैलो र गाउँ बस्तीमा



नवलपरासी । रामग्राम नगरपालिकाका नगर प्रमुखले जनताको समस्या, गुनासा गाउँमा गएर सुन्ने अभियान सुरु गरेका छन् । नगरप्रमुख धनपत यादवले रामग्राम नगरपालिकाका धेरै वडाहरु ग्रामीण क्षेत्रमा रहेका कारण जनताबाट आउने गुनासा र समस्या समाधानका लागि आफू गाउँमा गएर समाधान गर्न सुरु गरेका बताएका छन् । पछिल्लो समय कार्यालयमा होइन, नगरवासीका समस्या बुझ्न र नगरपालिकाले गरेका विकास निर्माणको प्रभावकारिता बुझ्न रामग्राम नगरपालिकाका नगरप्रमुख दिनहुँ जनताको घरदैलो र गाउँ बस्तीमा पुग्न थालेका हुन् ।

नगरमा आउने बजेट गाउँ-गाउँमा पठाएर मात्र नपुग्ने र भएका काम कस्ता भएका छन् भनेर बुझ्न समेत प्रमुख यादव गाउँ बस्ती जान थालेका हुन् । पछिल्लो समय नगरप्रमुख यादव गाउँमा गएर जनताका समस्या बुझ्न थालेपछि स्थानीयले आफ्ना समस्या समाधान हुनेमा आशावादी देखिएका छन् ।

नगरप्रमुखले गाउँमा रहेको भूमिको समस्यालाई सहिलो प्राथमिकतामा राखेर भूमि समस्या समाधानका लागि नगरपालिकाले भूमि आयोगलाई गर्नु पर्ने सहयोगका विषयमा वडा-वडामा गएर भूमि आयोगका पदाधिकारी, स्थानीयवासी र नगरपालिकाका जन प्रतिनिधिहरुसँग अन्तरक्रिया गरेका छन् ।

त्यस्तै उनले अन्य वडाहरुमा पनि खानेपानी, सिँचाइ, ढल, सडक, विद्युत्लगायतका विषयमा समेत अन्तरक्रिया थालेका छन् । विकासको खाका तयार पर्ने काममा गुटेका छन् भने नगरपालिकावाट भएका विकास निर्माणका काममा आउने गुनासाहरुको समेत नगरप्रमुखले गाउँमा गएर समाधान गर्न थालेको नगरप्रमुखको सचिवालयले जनाएको छ ।

नगरप्रमुखले नागरिकलाई घर-घरमा गएर सेवा पुऱ्याउने उद्देश्यका साथ काजकृया खर्च वापत प्रदान गर्ने, जेष्ठ नागरिक, अपाङ्ग असाय, एकल महिला, बालबालिकाका समस्या समेत गाउँमा बुझ्ने र समाधान गर्ने काम सुरु गरेका छन् ।

रामग्राम नगरपालिका लुम्बिनी प्रदेशको नवलपरासी पश्चिमको पुरानो नगरपालिका हो । रामग्राम नगरपालिका तत्कालिन परासी आर्दश, उनवछ, मन्झरीयाँ र जमुवाड गाउँ विकास समिति मिलाएर २०५३ साल चैत्र १४ गते गठन भएको हो । रामग्राम नगरपालिका क्षेत्रमा ऐतिहासिक बुद्धकालीन रामग्राम स्तूप रहेको छ । जसलाई युनेस्कोले सन १९९६ मा आफ्नो सम्भावित विश्व सक्पदा सूचीमा सूचीकृत गरेको छ ।

रामग्राम नगरपालिकामा २०७३ फाल्गुण २७ गते सनई गाविसका ४ र ५ वडा सुक्रौली, अमरोड, वन्जरीया र देवगाउँ समेटे र १८ वडामा विभाजन गरिएको थियो । गौतमबुद्धको पवित्र अस्तिधातु रहेको प्राचिन रामग्राम स्तूपका नामबाट नगरपालिकाको नामाकरण गरिएको हो ।

राष्ट्रिय जनगणनाअनुसार रामग्राम नगरपालिकाको कुल जनसंख्या ६४ हजार १७ रहेको छ भने १३ हजार १ सय ३७ घरधुरी रहेका छन् । रामग्राम नगरपालिकाको काठमाडौं महानगरपालिका, बाओची, चीन र काथरेस, स्पेनसँग भगिनी सम्बन्ध रहेको छ ।

# इम्बोस्ड नम्बर प्लेटविरुद्ध प्रदर्शन




**मोहम्मद हबिब**

*भैरहवा*

यातायात व्यवस्था विभागले आगामी असोज १ गतेदेखि सवारीसाधनमा अनिवार्य इम्बोस्ड नम्बर प्लेट जडान गर्नुपर्ने व्यवस्था ल्याएपछि नेपाल कमर्शियल आर्टिष्ट संघ जिल्ला कार्य समिति रुपन्देहीले विरोध जनाएको छ ।

सरकारले ल्याएको इम्बोस्ड नम्बर प्लेट योजना राष्ट्रघाती भएको ठहर गर्दै सोमबार जिल्ला कार्य समितिले जिल्ला प्रशासन कार्यालय, रुपन्देहीमार्फत् प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय र श्रम तथा रोजगार मन्त्रालयलाई ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाएको छ ।

'सरकारी कामकाजको भाषा देवनागरी लिपी अर्थात् राष्ट्रलिपीमा हुनु पर्ने प्रावधान रहेको नेपालको संविधानको मर्मविपरीत अङ्रेजी भाषामा लेखिएको इम्बोस्ड नम्बर प्लेट कार्यान्वयनको निर्णयले मौलिक देवनागरी लिपि मास्ने, आम जनतालाई आर्थिक भार थोपर्ने, रोजगारी खोस्ने र राष्ट्रिय पहिचानमाथि आघात पुग्ने गरी निर्णय भएको भन्दै कलाकारको पेशामाथि नै संकट उत्पन्न भएको अध्यक्ष दिनेशमणि कोहारले बताए ।

करिब ६० लाख सवारी साधनमा प्रयोग हुँदै आएको देवनागरी लिपि हटाउने निर्णयलाई संघले प्रत्यक्ष राष्ट्रघाती षड्यन्त्रको संज्ञा दिएको छ । करिब १ लाखभन्दा बढी श्रमिक र कलाकारहरू वैकल्पिक रोजगारीको व्यवस्था नगरी प्रविधिको नाममा ल्याइएका यस्ता निर्णयका कारण बेरोजगार हुने खतरा रहेको ज्ञापन पत्रमा उल्लेख छ ।

कलाकारहरुले बिचौलिया र दलालको प्रभावमा परी आम नागरिकलाई महँगो र झन्झटिलो प्रक्रियामार्फत् आर्थिक भार थोपर्ने निर्णय तत्काल फिर्ता लिनुपर्ने चेतावनी समेत दिइएका छन् ।

जिल्ला कार्य समिति रुपन्देहीले विरोधमा जिल्लाका सार्वजनिक ठाउँमा कालो व्यानर प्रदर्शन गर्दै राष्ट्रघाती इम्बोस्ड नम्बर प्लेट तुरुन्त खारेज गरियोस्, मौलिक देवनागरी लिपि मेट्न पाइँदैन । प्रविधिको नाममा आम जनतालाई ठग्ने कुनै पनि कदम सह्य हुँदैनलगायतका नारा उल्लेख गरेका छन् ।

जिल्ला समितिले हाम्रो पहिलो प्राथमिकता नेपाली पहिचान र स्वदेशी श्रमिकको रोजगारीको रक्षा गर्नु हो । यदि सरकारले निर्णय फिर्ता नगरे हामी सडकमा उत्रेर कडा आन्दोलन गर्ने समेत चेतावनी दिएको छ ।

ध्यानाकर्षण पत्र बुझ्दै रुपन्देहीका प्रमुख जिल्ला अधिकारी डा. टोकराज पाण्डेले आर्टिष्ट संघको मागलाई जायज ठहर गर्दै सम्बन्धित निकायमा पठाइने र निर्णय खारेज गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा संघका अध्यक्ष दिनेशमणि कोहार, केन्द्रीय सदस्य रबि घिमिरे, संस्थापक अध्यक्ष उज्ज्वलकुमार देकायस्थ, उपाध्यक्ष मनोहर थापा, कोषाध्यक्ष गणेश घिमिरे, सल्लाहकारहरू दिपेन्द्र प्रधान र रामदास हरिजनको उपस्थिति रहेको थियो । कार्यक्रममा रूपन्देही जिल्लाका आर्टिष्ट तथा कलाकारहरूको सहभागिता रहेको थियो ।

# ५३औं वाषिकोत्सवमा पञ्चकन्या समूहको वृहत् रक्तदान

बुटवल । प्रतिष्ठित औद्योगिक घरना पञ्चकन्या समूहद्वारा आयोजित रक्तदानमा २ सय ६९ युनिट रगत संकलन भएको छ । पञ्चकन्या समूहको ५३औं वाषिकोत्सवको अवसरमा सोमबार कोटिहवामा आयोजित रक्तदानमा अपेक्षा गरेभन्दा धेरै रक्तदाताको सहभागिता भएको महाप्रबन्धक देवेन्द्र साहुले जानकारी दिए ।




हरेक वर्ष रक्तदान गरी सामाजिक उत्तरदायित्व बहन गरिरहेको उक्त औद्योगिक घरनाले शिक्षा, स्वास्थ्य, गरिब तथा विपन्न परिवारलाई समेत सहयोग समेत गर्दै आएको छ । महाप्रबन्धक साहुका अनुसार अब केही समयभित्र दन्त तथा आँखा शिविर सञ्चालन गरिने छ ।

यस्तो शिविरमा उद्योगका कर्मचारी, उनीहरुका परिवार र स्थानीयको आँखा तथा दाँत परीक्षण गरिने छ । 'हामीले सामाजिक उत्तरदायित्वलाई विशेष ग्राहयता दिएर काम गरिरहेका छौं', उनले भने-'यसैको शिलशिलामा रक्तदान, जीवन दान भन्ने नारालाई सार्थकता दिन रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।'

रक्तदान कार्यक्रममा उद्योगका कर्मचारी, स्थानीय बासिन्दा विभिन्न संघसंस्थाका अगुवा तथा प्रतिनिधिहरु सहभागी थिए । रक्तदान कार्यक्रमलाई नेपाल रेडक्रस सोसाइटी, रुपन्देही र रक्तसञ्चार सेवा समिति, रुपन्देहीले प्राविधिक सहयोग गरेको थियो । पञ्चकन्या समूहले छड, बाथवायर, स्टील ट्र्यांकी, प्लास्टिक पाइप, युपीभीसी झ्यालढोकालगायत उत्पादनका क्षेत्रमा अर्बौं लगानी गरेको छ । पञ्चकन्याका उत्पादनहरु नेपाली बजारमा भरपर्दो र गुणस्तरीय मानिन्छन् ।

# फिस टनेल एण्ड दुबई सिटी मेला हुँदै




बुटवल । बुटवलमा 'प्रथम बुटवल फिस टनेल एण्ड दुबई सिटि सांस्कृतिक तथा रमाइलो मेला २०८२' हुने भएको छ । रोट्र्याक्ट क्लब अफ बुटवल साउथको आयोजनामा यही भदौ २५ गतेदेखि असोज १२ गतेसम्म देवीनगर रंगशालामा सो मेला सञ्चालन हुने भएको हो ।

मेलाको तयारी तीव्र रुपमा भइरहेको रोट्र्याक्ट क्लब अफ बुटवल साउथका अध्यक्ष इपल भण्डारीले बताए । मेलामा फिस टनेल र दुबई सिटी मुख्य आकर्षकको रुपमा रहने बताए ।

साथै मेलामा विष्णुमति मन्दिरको दर्शन तथा विभिन्न सांस्कृतिक कार्यक्रम, टिकटक प्रतियोगिता, नृत्यलगायतका विविध सांस्कृतिक कार्यक्रम समेत हुने उनले जानकारी दिए ।

क्लब स्थापना कालदेखि नै सामाजिक कार्यमा सक्रिय रहेको बताउँदै अध्यक्ष भण्डारीले सामाजिक कार्य गर्नका लागि नै मेलाको आयोजना गरिएको बताए । अहिलेसम्म २०० स्टल बुक भइसकेको र केही स्टल थप गर्ने तयारी रहेको अध्यक्ष भण्डारीले जनाए ।

मेलाको अवलोकलनका लागि ५० रुपैयाँ प्रवेश शुल्क निर्धारण गरिएको सचिव शंकर काफ्ले बताए ।

साथै विद्यार्थीहरुलाई परिचय पत्रको आधारमा ४० रुपियाँ एवं ७० वर्षभन्दा माथिका जेष्ठ नागरिक र असक्त तथा अपाङ्गहरुलाई प्रवेश शुल्क नलाग्ने बताए । मेलामा स्थानीय तथा राष्ट्रिय कलाकारहरुको समेत विशेष प्रस्तुति रहने बताए । प्रथम बुटवल फिस टनेल एण्ड दुबई सिटि सांस्कृतिक तथा रमाइलो मेलाको सह-आयोजकमा बुटवल उप-महानगरपालिका वडा नम्बर ११ र संरक्षकमा बुटवल उप-महानगरपालिका रहेको छ ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् ।

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com